# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।०५।१७ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

पर्वत जिल्ला, साविक तिलाहार गाउँ विकास समितिका विभिन्न व्यक्ति, संस्था र कर्मचारीसमेतले विभिन्न प्रयोजनका लागि लिएको पेश्की रकम हालसम्म पनि फछ्यौंट नगरेको तथा तत्कालीन गाउँ विकास समितिको कार्यालयका सचिव लिल प्रसाद श्रेष्ठले अन्य व्यक्तिको नाममा समेत रकम निकालेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा साविक तिलाहार गाउँ विकास समिति, पर्वतका तत्कालीन सचिव लिल प्रसाद श्रेष्ठ र मोदी गाउँपालिका वडा नं. ६ बस्ने चित्र बहादुर बस्नेत क्षेत्रीले मिलेमतो गरी रकम बाँडेर लिई साविक तिलाहार गाउँ विकास समितिको बाख्रापालनतर्फको सरकारी रकम रू.४०,०००/- बद्नियतपूर्वक हिनामिना, हानिनोक्सानी गरेको तथ्य व्यहोराबाट खुल्न आई भ्रष्टाचारजन्य कसुर गरेको देखिन आएकोले विगो रू.४०,०००/- कायम गरी साविक तिलाहार गाउँ विकास समिति, पर्वतका तत्कालीन गा.वि.स. सचिव लिल प्रसाद श्रेष्ठलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा सोही ऐनले निर्देश गरेअनुसार सोही ऐनको दफा ३ को उपदफा (१) र दफा १७ को उपदफा (१) को खण्ड (ख) बमोजिम सजाय गरी हिनामिना, हानिनोक्सानी गरेको विगो रू.२५,०००/- (पच्चीस हजार) लिल प्रसाद श्रेष्ठबाट भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम असुल उपर हुन र चित्र बहादुर बस्नेत क्षेत्री भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरको मतियार भएको पुष्टि भएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांशबमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिम सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

**(प्रदीपकुमार कोइराला)**
**प्रवक्ता**